# दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान पाइलट कार्यक्रम कार्यविधि, २०७५

**पृष्ठभूमी:**

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गतका निकाय र अन्य निकायहरुबाट पशुजन्य उत्पादन वृद्धि गर्न त्यस्को गुणस्तर कायम राख्न, प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यक पर्ने लगानी (Input) हरुमा मात्र अनुदान सहायता उलपब्ध गराउदै आएको पाईन्छ। विभिन्न परियोजना मार्फत साझेदारीमा समेत यस्तो अनुदान प्रवाह भएको छ। हालैका वर्षहरुमा अनुदानग्राहीबाट परियोजना अवधिभर शर्त पालना गर्ने र तत्पश्चात व्यवसायलाई दिगो रुपमा संचालन नगर्ने प्रवृत्ति समेत देखिन थालेको छ। कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित दूधको परिमाण, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित बजारमा गुणस्तरीय दूध प्रवाह बढ्ने छ भने अर्को तर्फ दुग्ध उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढाउन यो अनुदान पाईलट परियोजनाका रुपमा दुग्ध उत्पादक सहकारी संस्थामार्फत दुध बिक्री गर्ने सदस्य कृषकहरुलाई उत्पादनका परिमाणका आधारित रही अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले प्रदेश सरकारको दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान पाइलट कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र सञ्चालन गर्न यो कार्यविधि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट जारी गरिएको छ।

१) प्रारम्भिक:

**क) संक्षिप्त नाम र प्रारम्भ:**

१. यो कार्यविधिको नाम "दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रम कार्यविधि, २०७५ रहेको छ।

२. यो कार्यविधि प्रदेश सरकार, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२) **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

१. **"मन्त्रालय"** भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्नेछ।

२. **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ।

३. **"विज्ञ केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्नेछ।

४. **"कार्यविधि"** भन्नाले "दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रम कार्यविधि, २०७५" सम्झनु पर्नेछ।

३) उद्देश्य:

१) अनुदान वितरण नीतिलाई प्रकृयामूखी (Process Oriented) बाट परिणाममूखी (Output Oriented) तर्फ लैजाने।

२) दूध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठीत एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

३) अनुदानको सही, दक्ष र प्रभावकरी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

४) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठीत बजारमा प्रवाह गर्ने।

५) मन्त्रालयको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने।

६) दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान पाइलट कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने।

**४) कार्यक्रम अवधिः** हाललाई यस कार्यक्रमको अवधि १ वर्षको हुनेछ । आगामी वर्षहरुमा आवश्यकता अनुसार अवधि विस्तार गरिने छ।

**५) कार्य संचालन प्रकृयाः**

१. निर्देशनालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन/आव्हान (अनुसूचि-१ बमोजिम) गर्नेछ।

२. यस कार्यक्रममा सम्मिलित हुन बुँदा नं. ५.३ बमोजिम मापदण्ड पुरा गरेका ईच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसूचि-२ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा दिनुपर्नेछ।

३. सहकारीको मापदण्ड

क) दैनिक कम्तिमा २०० लिटर र वार्षिक कम्तिमा २०० दिनसम्म दूधको कारोवार गर्ने गरेको।

ख) दैनिक संकलित दूध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गरी वा उद्योगलाई बिक्री गरी दूध तथा दुग्धजन्य पद्धार्थको बेचबिखनको प्रबन्ध गरेको।

ग) नियमित रुपमा साधारण सभा र लेखा परिक्षण गर्ने गरेको।

घ) स्थायी लेखा नम्बर प्राप्त गरेको।

ङ) विज्ञ केन्द्र र सम्बन्धित स्थानिय तहको सिफारिस संलग्न गरेको।

च) जिल्ला दुग्ध उत्पादक सहकारी संघ भएको जिल्लाको हकमा उक्त संघको सिफारिस संलग्न गरेको।

छ) नयां आवेदक सहकारीको हकमा गत वर्षमा दुधको कारोबार गरेको अभिलेख पेश गर्नुपर्ने र गत वर्षमा अनुदान प्राप्त गरेको सहकारीहरुको हकमा अनुदान प्राप्त गर्दाको बखत पेश गरेको पछिल्लो उत्पादनमा कम्तिमा १० प्रतिशत थप दुधको कारोबार गरेको हुनुपर्ने र सोको अभिलेख पेश गर्नुपर्ने।

ज) सहकारीमा आवद्ध सबै कृषकहरुले पशु विमा गरेको हुनुपर्नेछ।

झ) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सूरक्षा विधि अवलम्वन गरेको हुनुपर्नेछ।

ञ) सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ।

ट) सम्बन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्ने। प्राप्त अनुदान रकमको १० प्रतिशत कार्यसन्चालन स्वरुप सहकारीमा राखी बाँकी ९० प्रतिशत सम्बन्धित कृषकलाई वितरण गर्नु पर्दछ।

ठ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध बिक्री गरेको प्रमाण पेश गर्नुपर्नेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

४. बिज्ञ केन्द्रले बुँदा नं. ५.३ अनुसार जिल्लामा प्राप्त भएका मध्ये न्यूनतम मापदण्ड पुरा गरे नगरेकोलाई प्रथम चरणको छनौट गरी प्राथमिकतामा राखी सिफारिस सहित निर्देशनालयमा पठाउनु पर्नेछ।

५. सहकारी संस्थाका आवेदन/प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपसिल अनुसारको मूल्यांकन समिति रहनेछ ।

निर्देशनालय तर्फः

| | |
|---|---|
| निर्देशनालयका व.प.वि.अ. | संयोजक |
| निर्देशनालयका स्वास्थ्य शाखाका प्राविधिक अधिकृत | सदस्य |
| निर्देशनालयका कार्यक्रम सम्पर्क व्यक्ति | सदस्य सचिव |

विज्ञ केन्द्र तर्फः

| | |
|---|---|
| बिज्ञ केन्द्रका पशु विकास तथा प्रविधि प्रसार शाखा प्रमुख | संयोजक |
| विज्ञ केन्द्रका पशु चिकित्सा तथा प्रयोगशाला शाखाका प्राविधिक प्रतिनिधि | सदस्य |
| विज्ञ केन्द्रका कार्यक्रम सम्पर्क व्यक्ति | सदस्य सचिव |

६. उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको अनुसूचि-३ अनुसारको आधारमा मूल्यांकन गरी अनुदान उपलब्ध गराउन निर्देशनालयका निर्देशक तथा विज्ञ केन्द्र प्रमुख समक्ष सिफारिस पेश गर्नेछ ।

७. अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थासंग कार्यालयले अनुसूची-४ बमोजिम सम्झौता गर्नेछ ।

८. सम्झौतापछि छनौट भएका सहकारीहरुलाई विनियोजित बजेटको परिधीभित्र रही चौमासिक रुपमा सहकारीको बैंक खातामा निर्देशनालय/विज्ञ केन्द्रले अनुदान रकम उपलब्ध गराउने छ ।

९. सहकारीले आफुमा आवद्ध मापदण्ड पुरा गरेका कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान रकम सम्बन्धित कृषकको बैंक/वित्तिय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

**६) दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मस**

कार्यक्रमको अनुगमन एवं प्रभावकारिता अध्ययन र प्रतिवेदन कार्यक्रमको कार्यान्वयन अनुसूचि-५ बमोजिम गराउनु पर्नेछ।

| आर्थिक नर्मस (विनयोजित बजेटको परिधीभित्र रही) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | कृयाकलाप | इकाइ | परिमाण | दर रु | जम्मा बजेट रु |
| १. | दूधमा अनुदान बितरण | लि. | ५,००,०००।०० | १ | ५,००,०००।०० |
| २. | सुचना तयारी तथा प्रकाशन | पटक | १ | ५५,०००।०० | ५५,०००।०० |
| ३. | सहकारीको मूल्यांकन, छनौट तथा सम्झौता गर्ने | पटक | ३ | १५,०००।०० | ४५,०००।०० |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | कार्यक्रमको अनुगमन एवं प्रभावकरिता अध्ययन र प्रतिवेदन | पटक | १ | १,००,०००।०० | १,००,०००।०० |
| | जम्मा | | | | ७,००,०००।०० |

**७) आर्थिक प्रशासन सेवा:**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

**८) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था:**

यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र विज्ञ केन्द्रहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति निर्देशनालयमा पठाउनु पर्नेछ। मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विज्ञ केन्द्र मार्फत निर्देशनालयमा पठाउनु पर्नेछ ।

**९) थपघट वा हेरफेर गर्न सक्ने**

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३. यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसुचीहरुको निर्माण तथा परिमार्जन निर्देशनालयले गर्न सक्नेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची - १

**दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हान**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आ.व. २०७५/०७६ को वार्षिक स्विकृत कार्यक्रम अनुसार **दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रम** रहेकोले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची-२ अनुसारको निवेदन सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राखु हुन अनुरोध गरिन्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
गण्डकी प्रदेश, पोखरा।

सचिव

## अनुसूची-२

### दुग्ध उत्पादक सहकरी संस्थाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री निर्देशकज्यू,

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखरा।

मार्फतः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ..................

विषयः **दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रममा सहभागी हुन पाउँ।**

महोदय,

प्रस्तुत विषयमा मिति ........................... मा प्रकाशित सूचना अनुसार यस दु.उ.स. संस्था लि. ले **उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रममा** समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१। कूल सदस्य संख्याः .....................

२। गत वर्ष कूल दूध संकलन लिः (औषत दैनिक ....... लि., मासिक....... लि. र वार्षिक ....... लि.)

३। गत वर्ष कूल अधिकतम दूध संकलनः ....... महिना, .............. लि.

४ गत वर्ष कूल न्यूनतम दूध संकलनः ....... महिना, .............. लि.

५ संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः

क) ............................

ख) ............................

६। मिल्क एनालाईजरको प्रयोग भएको नभएको

७। वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण

८। जम्मा संकलन केन्द्र संख्याः..............

९। रेकरड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः..............

१०। दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको/नगरेकोः ..............

११। आफ्नो चिलिङ सेन्टर भएको/नभएकोः..............

१२। दूध विविधिकरण र बिक्री वितरण गरेको/नगरेकोः..............

क) गरेको भए कुन-कुन पदार्थ बनाउने गरिन्छ .............. दैनिक औषत परिमाण ............

ख) विक्री गर्ने बजार /स्थल ............

१३। सहकारी दर्ता/नविकरणको प्रमाण पत्रः..............

१४। कुनै प्रकारको कार्वाहीमा नपरेको वारेको स्वघोषणाः..............

१५। कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड

१६। कर चुक्ता प्रमाण पत्र



सचिव

## अनुसूची ३

### कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र. सं | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाई जरको प्रयोग (२५) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५)* | दैनिक दुध संकलन र प्रशोधन गरेको परिमाण लिटर (२५)** | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

* ५० सम्म सदस्य संख्या हुने संस्थालाई २० र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अंक दिनु पर्नेछ।

** दैनिक कम्तिमा २०० लिटर देखि ५०० लिटरसम्म दुध संकलन गर्ने सहकारीलाई २० अंक र ५०० लिटर देखि माथि दुध संकलन गर्ने सहकारी संस्थालाई २५ अंक दिनु पर्नेछ।

मूल्यांकन समितिका पदाधिकारीहरुको:

| नाम थर: | पद: | कार्यालय/ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

सचिव

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

## अनुसूची-४

### पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र दुग्ध उत्पादक सहकारी संस्था विच हुने सम्झौताको ढाँचा

प्रदेश सरकार, गण्डकी प्रदेश, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ............. (यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था ............. (यसपछि दोश्रो पक्ष भनिने) विच दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) पाइलट कार्यक्रममा तपिसलका शर्तहरु पालना गर्ने गराउने गरी यो व्दिपक्षिय सम्झौता गरिएको छ ।

#### तपिसल

१ दोश्रो पक्षलाई पहिलो पक्षले बैंक खातामा प्रत्येक चौमासिक अवधिमा एक पटकका दरले वर्षमा ३ पटक स्विकृत भएअनुसारको अनुदान रकम जम्मा गरिदिने छ ।

२ दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको अखाद्य दुध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका गुणस्तर, फ्याट, एस.एन.एफ. र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३ दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४ दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।

५ दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंगगरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६ यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई
यो सम्झौतामा दस्तखत गर्दछौं ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| संस्था: | कार्यालय: |
| रोहवर | रोहवर |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| संस्था: | कार्यालय: |

इति सम्बत् ............. साल ............. महिना ....... गते रोज ....... शुभम् ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

अनुसूची-५

## आधारधुत सर्भेक्षणका लागी नमूना फारम

अनुदानग्राहीको नाम, ठेगाना

परिवार संख्या

### पशु तथा उत्पादन बिबरण

| बिबरण | गाई | | भैंसी | |
|---|---|---|---|---|
| | उन्नत | स्थानीय | उन्नत | स्थानीय |
| संख्या | | | | |
| कुल दुध उत्पादन लि. दैनिक | | | | |
| कुल दुध बिक्री लि.दैनिक | | | | |
| बिक्री हुने दिन संख्या | | | | |
| औसत फयाट प्रतिशत | | | | |
| औसत SNF% | | | | |
| औसत मूल्य प्रति लिटर | | | | |

- गोठको अबस्था
- जमिन कठठा वा रोपनीमा
- घांस लगाएको क्षेत्रफल.......... घांसको किसिम............ परिमाण
- सिचाइको ब्यबस्था........
- स्वास्थ्य सम्बन्धी मुख्य समस्याहरु............
- पशुधनको क्षती .........
- खोपको प्रयोग भएको भए कुन खोप.... कहिले.......
- परजीबि विरुद्धको औषधी......के..........कहिले.........
- पशु बिमाको बिबरण................
- क्षतिपूर्ति लिएको भए बिबरण..............

गाई भैंसी फार्ममा भएको लाभ लागत बिबरण........

**खर्चः**

पशु खरिद

गोट तथा औजार

आहार

ज्यामी

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

दुधको बजारीकरण

अन्य

**आम्दानी:**

दुध बिक्री

बाच्छाबाच्छी, पाडापाडी बिक्री

मल बिक्री

अन्य

प्रति लिटर दुध उत्पादन लागत रु

सबभन्दा बढी दुध बिकी गरिने महिनाहरु

सबभन्दा कम दुध बिक्री हुने महिनाहरु

**अनुदान सम्बन्धि**

प्राप्त गरेको भए के......कति......कहाँबाट...... अनुदान लगानी भएको बिबरण......

अनुदान सम्बन्धी धारणा.........लगानिमा दिइने अनुदान र उत्पादनमा दिइने अनुदान बारे

अनुदान सम्बन्धी सुझाब...............

अनुदानबाट प्राप्त आम्दानी.........

अनुदानबाट प्राप्त सन्तुष्टी......धेरै........ठिक्क.......कम......

(यो नमूना मात्र हो, बिभिन्न समूह तथा ब्यक्ती संग अन्तबार्ता तथा सुचना संकलन गर्दा परमर्शदाताले करार पूर्ण बिबरण तयार पारी अध्ययन गर्ने छन्।)

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव